नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्याः-

च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रूपमा सम्पादित कार्यहरूको सन्दर्भमा गृह मन्त्रालयका अनुसार असार २० र २१ गतेका दिन देशभरका विभिन्न सीमा नाकाहरूबाट ६,३०३ नेपाली नागरिकहरू नेपाल प्रवेश गरेका छन् । उक्त दिन ९१ जना विदेशी नागरिक त्रिभुवन अन्तरार्ष्ट्रिय विमानस्थल र अन्य विभिन्न सीमा नाकाबाट नेपाल प्रवेश गरेका छन्। क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चतता र नियम पालनाका लागि असार २१ गते १६० स्थलको करिब ७०० क्वारेन्टिन वेडहरुको अनुगमन गरिएको छ। अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन असार २१ गते २८८ वटा अनुगमन गरिएका छन्। अनुगमनको क्रममा देशभर १४,००० भन्दा बढी सिलिण्डर मौज्दात रहेको छ। हालसम्म निशेधाज्ञा अवज्ञा गर्ने २,००,८४१ सवारीसाधनलाई र मास्क नलगाई हिंडडुल गर्ने ४,६४,७११ जनालाई कारवाही गरिएको छ। विगत २४ घण्टामा ५३० सवारीसाधनलाई र मास्क नलगाइ हिंडडुल गर्ने १५१ जनालाई कारवाही गरिएको छ ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि ६,१२,०८५ थान विभिन्न मेडिकल उपकरण, ०.४० के. जी. कोभिड-१९ टेष्ट किट र ०.१० के. जी स्यानिटाइजर लगायतका औषधीहरू पैठारी भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार देशभर सबै अक्सिजन उद्योगहरू सञ्चालनमा रहेका र अक्सिजनको आपूर्ति सामान्य अवस्थामा रहेको छ। संयुक्त बजार अनुगमन टोलीद्वारा अत्यावश्यक दैनिक उपभोग्य वस्तुको नियमित अनुगमनको क्रममा स्वास्थ्य सामग्री फर्म, खाद्य सम्बन्धी फर्म लगायतका चार वटा फर्महरूको अनुगमन गरिएको छ।

२०७८ असार २२

(किरणराज शर्मा)
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np